# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५ ) काठमाडौं, मंसीर १७ गते २०४२ साल ( संख्या ३३

## भाग ४

श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४२।६।१८ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणीका श्री कालीप्रसाद रिजाललाई वाणिज्य मन्त्रालयको सह-सचिव पदबाट सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा सरूवा गरेको छ।

आज्ञाले,
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव

### सूचना २

श्री ५ को सरकारले मिति २०४२।६।२८ को निर्णयानुसार साझा विकास विभागका बडालेखापाल श्री गोपालप्रसाद पाठकलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.२ (२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२ (१) बमोजिम स्वेच्छिक अवकाश दिएको छ।

आज्ञाले,
ज्ञानबहादुर शाक्य
उपसचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।